पूर्णाङ्क : ७५
उत्तीर्णाङ्क : ३०

*विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ ।*

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् :**

**१. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् : (३)**

सरोवरमा स्नानपछि शुचीभद्रले दमयन्तीलाई कालो धोती र दुकुलको ओड्ने दियो । भोजनपश्चात् त्यो सार्थले निकै बेरसम्म त्यही सरोवरछेउ विश्राम गऱ्यो ।

**२. दिइएका अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** **(३)**

हकिङ एक पेरक वक्ता पनि थिए । आफ्नो विलचेएरमा जडित कम्प्युटरको सहयोग ले समयसमयमा उनले दिएका प्रेरणादायि वक्तव्य अत्यन्तै जीवनोपयोगी छन ।

**३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(२)**

**(क) दिइएका अंशबाट एक ओटा पारिभाषिक शब्द र एक ओटा अनुकरणात्मक शब्द पहिचान गरी त्यसलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

कार्यालयको बेरुजु रकम बढेपछि ऊ मानसिक अन्तर्द्वन्द्वमा फस्यो । त्यसपछि कार्यकक्षबाट जुरुक्क उठेर सुटुक्क घरतिर लाग्यो ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

विद्यार्थीहरूले पढाइमा ध्यान दिनुपर्छ भनेर गुरुले सम्झाउनुभयो । हुने विरुवाको चिल्लो पात भनेझैँ गऱ्यौ भने भविष्य राम्रो हुन्छ भन्नुभयो । विद्यार्थीहरूले गुरुका कुराले उनीहरूलाई अक्कल आउनु भने झैं भइरहेको थियो । आजैदेखि पढाइमा कम्मर कसेर लाग्ने छु भनेर विद्यार्थीहरूले सोचिरहेका थिए ।

**४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् :** **(३)**

डा. गोदत्तप्रसादले आफू विवाहित र छोराछोरीको बाबु हुँ भन्ने पनि बिर्सिए । उनी नानीथकुँका घरमा धाउन थाले । उनीहरू एकान्तमा भेट्ने र कुराकानी गर्न थाले । त्यो कुरा थाहा पाएरशिवनारानले नानीथकुँलाई सम्झाए ।

**५. तलको अनुच्छेदबाट दुई ओटा तत्सम शब्द र दुई ओटा तद्भव शब्द पहिचान गरी लेख्नुहोस् :** **(२)**

सरोवरमा स्नानपछि शुचिभद्रले दमयन्तीलाई कालो धोती र दुकूलको ओढ्ने दियो । खानापश्चात् त्यो सार्थले निकै बेरसम्म त्यही सरोवरछेउ विश्राम गऱ्यो । विश्राम गर्दा घोडा र गाईगोरुलाई समेत नुहाइदिएर चर्न यताउति छोडिदियो ।

**६. तलको कुनै एक प्रश्नको उत्तर दिनुहोस्:** **(३)**

**(क) तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीन ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनीहरूको निर्माण प्रक्रिया देखाउनुहोस् :**

ग्रामीण भेगको तुलनामा सहरिया मानिस विलासी हुन्छन् । सधैं परिश्रम गरेर बाँच्ने गाउँले जीवन कर्तव्यले भरिएको हुन्छ । सादा आचरण भएका उनीहरू सबैमा सहभाव राख्छन् ।

(ख) **तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीन ओटा द्वित्व शब्द पहिचान गरी तिनीहरूको निर्माण प्रक्रिया देखाउनुहोस् :**

हामी दाजुभाइ मिलेर आआफ्नो काम सँगै गरेका हौँ । गरेका काम सबै राम्रा थिए त्यसैले झैझगडा भएन । हामी भातसात खाएर बिहान समयमै काममा जान्थ्यौँ । काम गर्न डाँडापारि जानुपरे पनि रमाइलो हुन्थ्यो । हाम्रा दिदीबहिनी पनि काममा जान्छन् । बुबाआमा पनि जानुहुन्छ । दिनभर काममा गएर आउँदा धेरै थकाइ लागेर बेलुका नवाइधुवाइ गरी शरीरमा तेलसेल लगाएर सुतिन्थ्यो । अब त भान्साघरमै बसेर दिन बिताइन्छ ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

**(क)**'ले, लाई, बाट, देखि, मा, माथि' जस्ता विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चार वाक्यमा कुनै एक घटनाको वर्णन गर्नुहोस् ।

**(ख) आदर सङ्गति मिलाई दिइएको अनुच्छेदको पुनर्लेखन गर्नुहोस् :**

हाम्रो घरमा मेरो मामा आउँछ । मामाले मलाई राम्रा राम्रा किताब ल्याइदिन्छ । मामालाई भेट्न पाउँदा मेरी बहिनी पनि धेरै खुसी हुनुहुन्छ । तिमी पनि मेरा मामालाई भेट्न आइज है ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

**(क) दिइएको अनुच्छेदमा प्रयुक्त वाक्यका क्रियापदलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

पहिले पहिले म धेरै पढ्थेँ । आरिफ चाहिँ गीत गाउँदैनथ्यो । आजकल म गीत गाउँछु । ऊ चाहिँ खेल्दैन ।

**(ख) दिइएका वाक्यलाई सामान्यार्थकमा बदल्नुहोस् :**

तिमी परिश्रम गर, आफ्नो क्षमतालाई सिर्जनशील काममा लगाऊ, पढ्ने समयमा पढ, नबुझेको कुरा सोध, खेल्ने समयमा खेल । तिमी जहिलेदेखि मैले भनेको यो कुरा मानौला र गरौला त्यसपछि नै सुखी पनि होऊला ।

**९. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(४)**

**(क) तलको आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्यमा संश्लेषण गर्नुहोस् ।**

राम घर गयो । म विद्यालय आएँ । सबै साथीहरू नाच्दै थिए । मैले गीत गाएँ । गायन प्रतियोगिता भयो । म प्रथम भएँ । सबैजना भेला हुनुभयो । मैले पुरस्कार पाएँ ।

**(ख) तलका अप्रत्यक्ष कथलका वाक्यलाई चारओटा प्रत्यक्ष कथनमा बदल्नुहोस् ।**

बुबाले तिमी राम्रोसँग पढ भन्नुभयो । मैले हस् म राम्रोसँग पढ्छु भनेँ । बुबाले तिमीले राम्रो पढ्यौ भने म घुम्न लैजान्छु भन्नुभयो । मैले हुन्छ भनेँ ।

**१०. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** **(५)**

वाक्यमा प्रयुक्त पदको निश्चित क्रम हुन्छ । कुनै पनि भाषाका नाम, सर्वनाम,विशेषण, क्रिया, क्रियाविशेषण आदि शब्द वाक्यमा प्रयोग भइसकेपछि तिनलाई पद भनिन्छ । यिनै पदको रखाइ क्रम नै पदक्रम हो । भाषामा धेरै किसिमका पद भए पनि तिनले वाक्यमा प्रयुक्त हुँदा सम्पन्न गर्ने मुख्य कार्यका आधारमा कर्ता,कर्म र क्रिया गरी तीन प्रकारमा विभाजन गरेर अध्ययन गरिन्छ । संसारका प्रत्येक भाषाका वाक्यमा प्रयुक्त कर्ता,कर्म क्रियाको निश्चित क्रम हुन्छ । यसैले पाठ्यक्रमका आधारमा संसारका भाषाको वर्गीकरण गरिन्छ र गरिएको पनि छ । पदक्रमका आधारमा संसारमा ६ किसिमका भाषाहरू रहेका छन् । नेपाली, मैथिली, हिन्दी,संस्कृत, जापानी, कोरियन, आदि भाषा कर्ता,कर्म र क्रियाको क्रम भएका भाषा हुन् । अंग्रेजी, चाइनिज, रसियन, स्पेनिस,जर्मन,बुल्गेरियन आदि भाषामा चाहिँ कर्ता, क्रियां र कर्मको क्रम भएका भाषा हुन भने बेल्स, आइरिस, फिलिपिनो र बाइबलिक हिब्रु भाषामा क्रिया, कर्ता र कर्म भएका भाषा हुन् । फिजियन, मलागसी, तोबा, गिल्बाट्रिज आदि भाषामा चाँहि क्रिया, कर्म  र कर्ताको क्रम रहेको हुन्छ । कर्म र क्रिया, कर्ता र कर्म, कर्ता र क्रियाको क्रम भएका भाषा भने अत्यन्तै कम छन् । ब्राजिलको हिक्स्यारियाना भाषा कर्म र क्रिया, कर्ता र भेनेजुएलाको बाराओ भाषा, कर्म, कर्ता र क्रियाको क्रम भएका भाषा हुन् । यस किसिमका पदक्रमलाई सामान्य पदक्रम वा व्याकरणिक पदक्रम भनिन्छ । साहित्यिक भाषामा व्याकरणिक पदक्रममा आएका पद निश्चित उद्देश्यले राखिएका हुन्छन् । यस्ता पद विशेष गरी स्रष्टाको भनाइमा जोड दिन वा शीर्ष बन्न प्रयोग हुन्छन् । नेपालीमा कर्ता, कर्म र क्रियाको क्रममा विचलन भएको पदक्रम आलङ्कारिक वा विशिष्ट पदक्रम हो । यस्तो पदक्रममा व्याकरणलाई भन्दा भावनालाई प्रधानता दिइन्छ ।

**प्रश्नहरु :**

(क) पदक्रमका आधारमा संसारका भाषालाई कति प्रकारमा वर्गीकरण गरिएको छ ?

(ख) नेपाली र अङ्ग्रेजी कस्तो कस्तो पदक्रम भएका भाषा हुन् ?

(ग) व्याकरणिक पदक्रम र आलङ्कारिक पदक्रममा के भिन्नता छ ?

(घ) भाषामा विचलन किन हुन्छ ?

(ङ) कस्तो पदक्रमले भावनालाई प्रधानता दिन्छ ?

**११.दिइएको गद्यांशबाट चारवटा बुँदा टिपी सारांश लेख्नुहोस् ।** **(२+३ = ५)**

थाङ्का नेपालीहरूको राम्रो व्यवसाय हो । विशेषतः तामाङ समुदायका लाखौं मानिस थाङ्का व्यवसायमा आश्रित छन् । आजभोलि अरु जातका मानिसहरू पनि यस पेसामा संलग्न हुन थालेका छन् । हजारौँ मानिसले यसलाई मुख्य पेसा बनाएका छन् । बर्सेनी अरबौं रुपैयाँका थाङ्का विदेशमा बेचिएका हुन्छन् । यसबाट भुक्तानी सन्तुलनमा सकारात्मक प्रभाव पर्नुका साथै राष्ट्रिय आम्दानीसमेत बढेको छ । संसारमा थाङ्काका साथसाथै बुद्धका मूर्तिहरूको पनि उत्तिकै माग छ । कतिपय बौद्धमार्गीहरू थाङ्काका साथसाथै बुद्धका मूर्तिहरू पनि लैजान्छन् । नेपालमा बुद्धसम्बन्धी मात्र उत्पादन पनि हुने गरेको छ ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

(क) नयाँ वर्षका दिन १२ कक्षाका सबै विद्यार्थी एक दिने शैक्षिक भ्रमण जाने विषयमा विद्यालयका प्रधानाध्यापकबाट जारी गरिने सूचनाका नमुना लेख्नुहोस् ।

(ख)हालसालै प्रकाशित पुस्तक पठाइदिन भनी तपाईंको घरनजिकै रहेको पुस्तक पसलले नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौँलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(५)**

(क) नेपालका कुनै एक कविको स्मृतिमा आयोजित कवि गोष्ठीको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'नेपालको कृषि प्रणालीमा सुधारको आवश्यकता' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** **(४)**

(क) "आमा, त्यो आउँछ र ?
"हो बा त्यो आउँछ
त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ ।
त्यसको कम्मरमा झुण्डिएको शीत जस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ

त्यसैले ऊ अधर्मसित लड्ने छ ।
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छाम छुम गर्ने छौ तर त्यो हिउँ र आगोभन्दा पनि
बढ्ता छोइने भएर आउँछ ।"

**(ख) मेरा छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् ।**

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

**(क) तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर ।

**प्रश्नहरू :**

(अ) माथिको कवितांशमा नेपालीको कस्तो मानसिकताको चित्रण गरिएको छ?

(आ) नेपालीले हिमचुलीबाट कस्तो प्रेरणा प्राप्त गरेका छन्?

**(ख). तल दिइएको कथांशको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा त्यसको दाहिनेतिर साततारा र देब्रेतिर पाँच ताराको उज्याला तारामण्डलले तिनलाई मोहित तुल्यायो । पूर्वदेखि पश्चिमतिर केही दक्षिणतिर ढल्किएको आकाशगङ्गा दमयन्तीका दृष्टिमा सङ्गीतमय हुन थाल्यो । आकाश र पृथ्वी यस्ता सुन्दर छन् । तिनका बिच आफू एक्ली विरहिणी अवस्थामा अनुभव गरेर दमयन्ती कोमल मधुर स्वरमा वियोग र पीडाको गीत गाउन थालिन् । कतिबेरसम्म तिनले गीत गाइन्, तिनले आफैँ थाहा पाइनन् । आकाशमा बिस्तारै बिस्तारै उभ्रिएर आउँदै पातला बादलले त्यो सुन्दर आकाशलाई दमयन्तीका हृदयमा धूमिल तुल्याउँदै लग्यो ।

**प्रश्नहरू :**

(क) माथिको अनुच्छेदमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(ख) आकाश र दमयन्तीको हृदयका बिच के समानता छ ?

**१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(४)**

**(क) संयुक्त राष्ट्रसंघले संसारका सबै देशलाई सहकारीको स्थापना र सञ्चालन गर्न दिएको सुझावबारे तपाईंको धारणा कस्तो छ ? प्रतिक्रिया लेख्नुहोस् ।**

**(ख) जब शिक्षाको राम्रो विकास हुन्छ तब अन्धविश्वास, कुसंस्कार, कुरीति जस्ता कुरा निर्मूल हुँदै जान्छन् भन्ने भनाइमा तपाईंको धारणा सहित प्रतिक्रिया दिनुहोस् ।**

**१७. कुनै एउटा प्रश्नको उत्तर दिनुहोस् :** **(८)**

(क) "दृढ इच्छा शक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका सामु शारीरिक रोग शक्तिहीन हुन्छ ।" यस भनाइलाई हकिङको जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) 'एक चिहान' उपन्यासमा नेपाली समाजको कस्तो अवस्थाको चित्रण गरिएको छ वर्णन गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा २५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** **(८)**

(क) जीवनमा अनुशासन

(ख) नारी शिक्षा आजको आवश्यकता

(ग) मेरो देश : मेरो भविष्य